समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा

इलाम

पत्र संख्या: ०८१/८२

चलानी नं: २०८०

कोशी प्रदेश,नेपाल

मिति:२०८१/११/१८

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,
इलाम नगरपालिका इलाम।

विषयः आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्देशन।

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा सञ्चालन तथा समन्वय समिति इलामको मिति २०८१/११/१८ गते बसेको बैठकको निर्णयानुसार २०८१ सालको आधारभूत शिक्षा (कक्षा ८) को वार्षिक परीक्षा निम्न कार्यक्रम अनुसार संचालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरुले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

**तपशिलः**

१. इलाम नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको तोकिएका परीक्षा केन्द्रहरुमा मिति २०८१/१२/०८ गते दिउँसो ठिक १ बजेबाट देहायबमोजिम परीक्षा तालिका अनुसार परीक्षा संचालन गर्ने।

| मिति | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०८१/१२/०८ | शुक्रबार | अंग्रेजी | अंग्रेजी |
| २०८१/१२/१० | आइतबार | गणित | गणित |
| २०८१/१२/११ | सोमबार | नेपाली | नेपाली |
| २०८१/१२/१२ | मंगलबार | विज्ञान तथा प्रविधि | संस्कृत भाषा |
| २०८१/१२/१३ | बुधबार | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
| २०८१/१२/१४ | बिहिबार | स्वास्थ्य तथा शा रीरिक शिक्षा र सृजनात्मक कला | संस्कृत व्याकरण |
| २०८१/१२/१५ | शुक्रबार | स्थानीय विषय | ज्योतिष/कर्मकाण्ड |

२. IEMIS System मा कक्षा ८ का विद्यार्थीहरूको नामनामेसीमा केही त्रुटि (नाम, थर, बाबुआमाको नामथर, जन्ममिति) भए सच्याएर विद्यार्थीको फोटो अपलोड गरी Application Form Print गर्ने र सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरी जन्मदर्ताको प्रतिलिपिको साथमा मिति २०८१/११/२६ गते भित्रमा शाखामा पेश गर्ने। विद्यालयले परीक्षामा सामेल हुने विद्यार्थीको नाम (नेपाली र अंग्रेजीमा), जन्ममिति र बाबुआमाको पूरा नामथर सहितको विवरण Excel Sheet मा तयार गरी मिति २०८१/११/२६ गते भित्रमा शाखामा मेल गर्नु पर्नेछ।

३. सामुदायिक विद्यालयको विद्यार्थीको हकमा नेपाल सरकारबाट प्राप्त अनुदान रकमबाट परीक्षा सञ्चालन व्यवस्थापन हुनेछ भने संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रु २७५।- का दरले हुन आउने रकम मिति २०८१/११/२६ गते भित्रमा इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलामको नाममा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०४००३००००१००१००००१ राजश्व शीर्षक नं १४२२४ मा एकमुष्ट रकम जम्मा गरी फारमको साथमा सक्कल भौचर शाखामा पेश गर्नु पर्नेछ।

४. परीक्षा केन्द्र र परीक्षा सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिनेछ।

२०८१/११/१८

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

**बोधार्थः**

श्री सबै वडा कार्यालयहरु,इलाम नगरपालिका,इलाम - जानकारीको लागि।

श्री सूचना तथा प्रविधि शाखा,इलाम नगरपालिका,इलाम - वेभसाइटमा अपलोड गरिदिनु हुन।